२२९६/४१८

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ४१६/२०७१/०७२

निर्णय नं. ४१८

जिल्ला रौतहट, गौर नगरपालिका वडा नं. १२ निबासी रविन्द्र शाह ........................१ } पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, महिला तथा बालबालिका कार्यालय, रौतहट, गौर ..............................१ } विपक्षी
सूचना अधिकारी, महिला तथा बालबालिका कार्यालय, रौतहट, गौर ..............................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला रौतहट, गौर नगरपालिका वडा नं. १२ निबासी रविन्द्र शाहले महिला तथा बालबालिका कार्यालय, रौतहट, गौर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।०५ मा पुनरावेदन गरेको । प्रस्तुत पुनराबेदनको सम्बन्धमा यस आयोगबाट मिति २०७२।०४।१५ मा पुनराबेदकलाई ७ (सात) दिन भित्र माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी महिला तथा बालबालिका कार्यालय, रौतहट, गौरको नाममा आदेश भएको । उक्त आदेश कार्यान्वयनको लागि च. नं. ५१ मिति २०७२।०४।१७ को पत्रबाट लेखी गएको । आयोगको मिति २०७२।०४।१५ को आदेश पश्चात पनि महिला तथा बालबालिका कार्यालय, रौतहट, गौरले माग बमोजिमको सूचना उपलब्ध नगराएकोले दफा ३२ बमोजिम कारबाही गरी माग बमोजिम सूचना उपलब्ध गराई पाउँ भनी पुनः मिति २०७३।०९।१३ मा पुनः उजुरी गरेको ।

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा महिला तथा बालबालिका कार्यालय, रौतहट, गौरले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउनु नपर्ने कुनै कारण र तर्क देखिँदैन । साथै यस आयोगबाट आदेश जारी भएको लामो समयसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले प्रकिया अघि किन नबढाउने ? यसरी यत्ती लामो अवधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण ७ (सात) दिन भित्र यस आयोगमा पठाउन र यस आयोगको मिति २०७२।०४।१५ को आदेश अनुसार ७ (सात) दिन भित्र सूचना उपलब्ध गराउनू भनी महिला तथा बालबालिका कार्यालय, रौतहट, गौरको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यो आदेशको पालना नभएमा निज कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने व्यहोरा निजहरुलाई जानकारी दिनू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |